# सभाध्यक्ष महोदय ,

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीको माध्यमबाट समृद्धि, सुशासन तथा विकास हासिल गरी स्वाधीन, समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्र विकास गर्ने परिकल्पना गरेको छ । संविधान कार्यान्वयनको क्रममा संघ,प्रदेश र स्थानीय तहका सरकार क्रियाशील भई आर्थिक, सामाजिक तथा साँस्कृतिक विकास तर्फ अगाडि बढेका छन् । नेपाल सरकारको समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पुरा गर्न यस शहिद लखन गाउँपालिका प्रतिवद्ध रहेको छ ।

विश्वव्यापी महामारीको रुपमा विभिन्न भेरियन्ट सहित फैलिएको कोरोनाका कारण उत्पन्न विषम परिस्थितिका बीच शहिद लखन गाउँपालिकाको यस गरिमामय गाउँसभामा शहिद लखन गाउँपालिकाको उपाध्यक्ष साथै बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ बमोजिम आर्थिक वर्ष २०७८।७९ को बजेट तथा कार्यक्रम प्रस्तुत गरी रहदा मैले गौरवको अनुभूति गरेको छु ।

एकात्मक शासन प्रणालीको विगतको अवस्थाबाट जनताको प्रतिनिधि मार्फत राज्य सञ्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको आजको युगमा पुऱ्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने नेपालका प्रथम शहीद लखन थापा मगर लगायत सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्त्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको यहाँ स्मरण गर्न चाहान्छु ।

विश्वव्यापी रुपमा फैलिएको नोवल कोरोना भाईरसबाट देश विदेशमा रही ज्यान गुमाउनुहुने सबैमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै कोरोना भाइरसबाट संक्रमित भइ उपचाररत सबै व्यक्तिहरुको स्वास्थ्य लाभको कामना व्यक्त गर्दछु ।कोरोना महामारी विरुद्ध अग्रपंतिमा कार्यरत जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, कर्मचारी र आम नागरिक सबैमा धन्यबाद ज्ञापन गर्दछु । साथै यस महामारी नियन्त्रण तथा रोकथाममा सहयोग गर्नुहुने राजनीतिक दल, गैरसरकारी संस्था,बैंक तथा वित्तिय संस्था लगायतका सबैमा धन्यबाद ज्ञापन गर्दछु ।

**सभाध्यक्ष महोदय**

आगामी आर्थिक वर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनुपर्नेमा म लगायत गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु सजग रहेका छौं । यस अवस्थामा गाउँपालिकालाई आत्मनिर्भर बनाउन र विकासको बाटोमा लैजाने गरी बजेट तर्जुमा गरेको छु ।

बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान र कानुनहरु, संघीय सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, यस गाउँपालिकाको नीति तथा कार्यक्रम, पन्ध्रौ योजना र दीगो विकास लक्ष्य, प्राकृतिक न्यायको सिद्धान्त र यस भन्दा अघिका अनुभवहरुलाई समेत आधार बनाएको छु। साथै नेपाल सरकार अर्थ मन्त्रालय तथा गण्डकी प्रदेश सरकारको मार्गदर्शन, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, गाउँ कार्यपालिका तथा विषयगत समिति, जनप्रतिनिधिहरुको अनुभव तथा सुझावहरु, विज्ञ समूह, विभिन्न सरकारी तथा गैह सरकारी संघ, संस्थाहरु, पत्रकार, शिक्षक, विद्वतवर्ग तथा गाउँपालिकाबासीहरुको सुझाव समेतलाई ध्यानमा राखेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०७८।७९ को स्रोत अनुमान प्रस्तुत गर्न गइरहेको छु ।

राजश्व परामर्श समितिको बैठकबाट आगामी आ.व. मा अन्तरिक श्रोतबाट रु १ करोड २ लाख रुपैयाँ राजश्व प्राप्त हुने अनुमान गरिएको छ । त्यसैगरी संघीय सरकारको राजश्व बाँडफाँडबाट प्राप्त हुने मूल्य अभिवृद्धि कर र अन्त: शूल्कबाट रु ८ करोड २ लाख ६४ हजार , विद्युत सम्बन्धी रोयल्टी बाँडफाँडबाट ३४ लाख, गण्डकी प्रदेश सरकारबाट विज्ञापन करबाट २ लाख, दहत्तर बहत्तरको बिक्रिबाट रु. १५ लाख, घर जग्गा रजिष्ट्रेशन दस्तुरबाट रु ३ लाख, सवारी साधन करबाट रु ५९ लाख ७५ हजार गरी राजस्व बाँडफाँडबाट जम्मा ९ करोड १६ लाख ३९ हजार प्राप्त हुने अनुमान गरेको छु ।

त्यसैगरी संघीय सरकारको समानीकरण अनुदानबाट रु १५ करोड ४६ लाख, शसर्त अनुदानबाट रु २२ करोड ३४ लाख र समपुरक अनुदानबाट रु २० करोड ८० लाख र गण्डकी प्रदेश सरकारको समानीकरण अनुदानबाट रु १९ करोड ३३ लाख ६ हजार, शसर्त अनुदानबाट १ करोड र समपुरक अनुदानबाट रु १ करोड गरी अन्तर सरकारी वित्तिय हस्तान्तरण तर्फ रु ४३ करोड ८१ लाख ३६ हजार प्राप्त हुने अनुमान गरेको छु ।साथै अन्य संस्थागत तथा अन्तर सरकारी अनुदान तर्फ १० लाख र चालु आ.व.मा खर्च हुन नसकेको आयोजनाहरुबाट रु ७ करोड ५० लाख गरी जम्मा कुल बजेट ६१ करोड ५९ लाख ७५ हजार बजेटको अनुमान पेश गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आ.व. २०७८।७९ को व्यय अनुमानको प्रस्ताव पेश गर्ने अनुमति चाहन्छु ।

आगामी आ.व. मा कुल बजेट मध्ये चालु खर्च तर्फ ३१ करोड ५० लाख ३९ हजार रुपैया र पूजीगत खर्च तर्फ ३० करोड ९ लाख ३६ हजार रुपैयाँ खर्च हुने अनुमान गरेको छु ।

**सभाध्यक्ष महोदय,**

हाल विश्व भरि नै कोरोना भाइरसको महामारीले विश्व नै आक्रान्त रहेको छ । कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य कोरोना कोषमा रु ४० लाख रुपैया विनोयोजन गरेको छु ।

गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्न रु २ करोड , त्यसै गरी वडा नं १ र वडा नं ९ को वडा कार्यालय भवन निर्माणका लागि ३०-३० लाख रुपैयाँ विनियोजन गरेको छु ।स्वास्थ्य सेवालाई सरल एवं सहज बनाउनका लागि X-ray मेसिन खरिदका लागि रु २५ लाख र अल्ट्रासाउण्ड मेसिन खरिदका लागि रु १४ लाख विनियोजन गरेको छु ।गण्डकी प्रदेश सरकारले दिएको उज्यालो प्रदेशको नीतिलाई अनुशरण गर्दै गाउँपालिका भित्रका विभिन्न ऐतिहासिक, पुरातात्विक,साँस्कृतिक महत्त्वको स्थलहरुमा सोलार बत्ती जडानका लागि रु ९ लाख विनियोजन गरेको छु । दलित समुदाय,महिला, सिमान्तकृत समुदाय तथा उत्पिडनमा परेका समुदायलाई उत्थानका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।नेपालका प्रथम शहीद लखन थापा मगरको विद्रोही किल्लाको पूर्वाधार विकासका लागि रु २० लाख विनियोजन गरेको छु । साथै विरेन्द्रपथ देखि मनकामना मन्दिर सम्म ढुंगा बिछ्याउने कार्यका लागि रु १० लाख विनियोजन गरेको छु । सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि योगदान पुऱ्याउने क्रममा जीवन उत्सर्ग गर्नुहुने यस गाउँपालिकाभित्रका सम्पूर्ण ज्ञात अज्ञात शहीदहरुको उच्च सम्मान गर्दै शहीद तथा वेपत्ता स्मृति पार्क निर्माणका लागि १० लाख विनियोजन गरेको छु ।पर्यटन प्रवद्धन गरी आर्थिक विकासमा टेवा पुऱ्याउन चुलेभिर भ्यू पार्क

निर्माणका लागि रु १० लाख विनियोजन गरेको छु । गाउँपालिकामा प्रहरी चौकी निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन गर्नका लागि रु १५ लाख विनियोजन गरेको छु ।नेपाली साहित्य, कला तथा सँस्कृतिलाई संरक्षण, सम्वद्धन तथा प्रवद्धन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । योजनाको सफल कार्यान्वयनका लागि उपभोक्ताहरुलाई अभिमुखीकरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

**सभाध्यक्ष महोदय,**

सडक पूर्वाधार तर्फ सानो दिप्लिङ्ग मार्के सडकका लागि रु ४ लाख, बक्रेश्वरी सिद्ध लखन थापा सडकका लागि ७ लाख, लामाछापदेखि केवरपानी सडकका लागि ९ लाख, जुम्लिचौतारा ठेउवाटार सडक स्तरोन्नतिका लागि ५ लाख, तिनमाने मास्कीछाँप गुर्दुम लुदिखोला सडकका लागि १५ लाख दार्चे शाखा देखि दार्चे बेशीसम्मको सडकका लागि रु २० लाख, वनकाली गरन्जा गाउँ(जौवारी चालिसे) हुँदै सुसारे गाउँ सडक स्तरोन्नतिका लागि रु ५ लाख, तिन चौतारे देउराली ट्रान्सफर्मर सडको स्तरनोन्नतिका लागि रु १० लाख, बर्चुलीथान रामभञ्जयाङ बुंकोटघाट सडक स्तरोन्नतिका लागि रु २० लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

गाउँपालिकाको शिक्षा क्षेत्रको विकास गर्न र सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न रु २ करोड ३० करोड बजेट विनियोजन गरेको छु । यसै गरी पशु विकासका लागि रु ५३ लाख विनियोजन गरेको छु । गाउँपालिकामा कृषि प्रवद्धन गरी आर्थिक विकासमा टेवा पुऱ्याउनका लागि कृषिमा रु ५३ लाख विनियोजन गरेको छु ।

स्वास्थ्य चौकीमा नियमित रुपमा गर्भ जाच गरी स्वास्थ्य चौकीमा नै सुरक्षित रुपमा सुत्केरी हुने महिलाहरुलाई सुत्केरी प्रोत्साहन भत्ता वितरण कार्यक्रमलाई निरन्तरता दिएको छु । स्वास्थ्य क्षेत्रको सुधार तथा विकासका लागि ७५ लाख रुपैया बजेट विनियोजन गरेको छु, भने गाउँपालिका स्तरिय अस्पताल निर्माण कार्यका लागि २५ लाख रुपैया विनियोजन गरेको छु ।

सभाध्यक्ष महोदय,

गाउँपालिका भित्रका महिलाहरुको सिप विकास तथा क्षमता विकासका लागि महिला विकास कार्यक्रम अन्तर्गत ३० लाख रुपैया विनियोजन गरेको छु भने दलित उत्थान कार्यक्रम अन्तर्गत ९ लाख रुपैया विनियोजन गरेको छु । जनजाती तथा सिमान्तकृत समुदाय र अपाङ्ग लक्षित कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको व्यहोरा गरिमामय सभामा जानकारी गराउनु चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

कार्यालय संचालन तथा व्यवस्थापनका लागि ११ करोड २४ हजार ४ सय १० रुपैया विनियोजन गरेको छु । लखन स्मृती कार्यक्रम संचालन, गुठी पंचमी कार्यक्रम तथा माघे संक्रान्ति कार्यक्रम संचालनका लागि जम्मा १६ लाख विनियोजन गरेको छु भने शहिद लखन रेडियो कार्यक्रमका लागि ३ लाख रुपैया विनियोजन गरेको छु । साथै खेलकुद विकास कार्यक्रमका लागि ५ लाख र गाउँपालिकामा विद्युतिकरणका लागि ६ लाख ५० हजार रुपैया विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

संघीय सरकारसँग साझेदारीमा देउराली,ओह्याक रानीश्वाँरा तिनघरे चिसापानी तिनमाने घैरुङ्ग सडक स्तरोन्नतिका लागि रु २ करोड ८ लाख र गण्डकी प्रदेश सरकारसँग साझेदारीमा कार्यक्रम सञ्चालनका लागि समपुरक कोषमा रु १ करोड २३ लाख विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

यो बजेटको कार्यान्वयन बाट सडकहरुको स्तर वृद्धि, उत्पादन र उत्पादकत्वमा सकारात्मक बृद्धि हुने, थप आय तथा रोजगारीका अवसरमा वृद्धि हुने, गरिबी न्यूनिकरणमा सघाउ पुग्ने र समृद्ध गाउँपालिका निर्माणको आधारशीला खडा हुने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

बजेट तर्जुमाका लागि मार्गदर्शन गर्नु हुने गाउँपालिकाका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, वडा सदस्य ज्यूहरु, राष्ट्रसेवक कार्मचारीहरु, विज्ञ सल्लाहकार समूह, विभिन्न राजनैतिक दलहरु, नागरिक समाज तथा पत्रकार जगत्, नीजि क्षेत्र र गाउँपालिकाका आम नागरिकबाट प्राप्त सल्लाह, सुझाव र सहयोग प्रति हार्दिक आभार प्रकट गर्दछु ।

**धन्यबाद ।**